
बाल सन्दर्भसामग्री


बालबोध - ३१






# अनेक मानिस थरीथरी काम

(सामाजिक शिक्षासम्बन्धी सामग्री)





300
RAJ-a
059 c.1

बाल सन्दर्भसामग्री

बालबोध - ३१

300
RAJ-a
2059

# अनेक मानिस थरीथरी काम

(सामाजिक शिक्षा सम्बन्धी सामग्री)

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**

**प्रकाशक :** श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**लेखन :** नबीन्द्र राजभण्डारी

**चित्राङ्कन :** गङ्गाधर शारू

**आवरण तथा रूपविन्यास :** गौतम मानन्धर

**सामग्री विकास संयोजन :** हर्कप्रसाद श्रेष्ठ

Ac. 104D
C1

सर्वाधिकार प्रकाशकमा सुरक्षित

पहिलो संस्करण : २०५९ साल

छपाइ प्रति : २८,०००

मुद्रण : एपोलो अफसेट प्रेस, काठमाडौँ

# प्राक्कथन

पाठ्यक्रम विकास केन्द्रले शिक्षाको गुणस्तर वृद्धिका लागि चलाएका विविध कार्यक्रममध्ये बाल सन्दर्भसामग्रीको प्रकाशन पनि एक हो । पाठ्यपुस्तकबाट प्राप्त हुन नसकेका पाठ्यक्रमका उद्देश्यलाई प्राप्त गरी आफ्नो ज्ञान, सीप वा अभिवृत्तिको विकास गर्न प्राथमिक तहका विद्यार्थीहरू सक्षम होऊन् र अन्ततः व्यक्तिमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन भइ सिर्जनशील नागरिकको विकास हुन सकोस् भन्ने यस कार्यक्रमको मूल उद्देश्य रहेको छ ।


प्राथमिक तहका केटाकेटीका लागि जिज्ञासा पैदा गर्ने, रुचि बढाउने र चाख मानीमानी पढेर प्रेरणा लिने प्रकारको सामग्रीको खाँचोलाई पूरा गराउन पनि यो प्रकाशन-माला चलाइएको हो । यसले पूरक पाठयपुस्तकको काम पनि गरोस्, मनोरञ्जन पनि देओस्, पठन प्रवृत्ति पनि बढाओस् भन्ने प्रयोजन पूरा गराउने वस्तु, भाषा-शैली र प्रस्तुतिको छनोट गर्न खोजिएको छ, जसले पढ्ने रुचिलाई बढाई विद्यार्थीहरूलाई विद्याव्यसनी बनाउन सकोस् र हरेक क्षण र कामलाई शिक्षापरक ढङ्गमा हेर्ने बानी बसालोस्, अनि हाम्रा भोलिका नागरिक सभ्य, शिष्ट र अनुशासित बनून्, त्यसो भएमा नै आजका प्रयत्नहरूको सार्थकता पनि रहन्छ ।

यसअघि विगतका वर्षहरूमा विभिन्न अठ्ठाईस शीर्षकका सामग्री प्रकाशित भइसकेका छन् । यस वर्षका दस शीर्षक समेत अब तीन दर्जन भन्दा बढी शीर्षकमा साग्रीको प्रकाशन भएको छ । सामग्रीमा सामान्यतया कथा, कविता, जीवनी जस्ता विधाको समावेश भए पनि विविधताका लागि प्रशस्त प्रयत्न गरिएको छ र यसलाई अरू विविधतायुक्त बनाउने प्रयास पनि भइरहेको छ ।


हाम्रो यस प्रयासमा सामग्रीको लेखन/सम्पादन गरेर; चित्र बनाएर, सल्लाह दिएर वा अन्य प्रकारले सहयोग गर्ने सम्पूर्ण महानुभावहरूप्रति पाठ्यक्रम विकास केन्द्र हार्दिक कृतज्ञता प्रकट गर्दछ र हाम्रो यस कार्यलाई फलदायी र गुणस्तरीय पार्न यसका पाठक, लेखक तथा शिक्षक, अभिभावक, समस्त बुद्धिजीवी र शिक्षाविद्बाट सल्लाह र सुझावको अपेक्षा सदाझैं राखेको कुरा विनम्रतापूर्वक ज्ञापित गर्दछौं ।


शिवप्रसाद सत्याल
महानिर्देशक
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी,भक्तपुर

२०५९







यो हाम्रो सहर हो ।







सहरमा धेरै जना मानिसहरू बस्छन् । उनीहरू विभिन्न काम गर्छन् ।
त्यहाँ मानिसहरू के-के काम गर्दा रहेछन्, हेर्न जाऔँ ।


यो हाम्रो विद्यालय हो । यहाँ सर र मिसले हामीलाई पढाउ
हाम्रो विद्यालयमा पुस्तकालय छ । खेल्ने चउर पनि छ ।




हाम्रो विद्यालय सफा छ ।
हामी सबै मिलेर यसलाई सधैँ
सफा राख्छौँ ।



हाम्री आमा बिरामी हुँदा अस्पतालमा भर्ना हुनुभएको थियो ।
अस्पतालमा धेरै जना मानिसहरू काम गर्छन् । यहाँ डाक्टर र नर्सहरू हुनुहुन्छ । डाक्टरले बिरामी जाँच्नुहुन्छ । नर्सले बिरामीको स्याहार-सुसार गर्नुहुन्छ ।




अस्पतालमा सानोतिनो रोग निको पार्नेदेखि लिएर ठूलठूला अपरेसन पनि गरिन्छ । यहाँ धेरै मेसिनहरू छन् । बिरामी ओसार्नका लागि एम्बुलेन्स गाडी छ ।






यो समाचारपत्रको कार्यालय हो ।
समाचारपत्रमा काम गर्नेहरू सधैँ व्यस्त रहन्छन् ।
यहाँको मुख्य मानिसलाई सम्पादक भन्छन् ।
ओहो, यहाँ कति धेरै कम्प्युटर रहेछन् !






ापिएका समाचारपत्रहरू पसल र घर-घरमा पुर्‍याइन्छन् ।
खबार पढेर हामी देश-विदेशका खबर र घटनाबारे थाहा पाउँछौं ।
माचारपत्रमा विभिन्न सूचना र विज्ञापनहरू पनि छापिएका हुन्छन् ।




टिकट


टिकट
यो हुलाक कार्यालय हो ।
पत्र
यहाँ हामी हुलाक टिकट किन्छौं । यहाँबाट हामी अरू ठाउँमा चिठी र सामानहरू पठाउँछौं ।




विभिन्न ठाउँबाट आएका चिठी र सामानहरू हुलाक कार्यालयमा आउँछन् । हुलाकीले घर-घरमा गई चिठी बुझाउँछन् ।




हामी अहिले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा छौं । यहाँ विभिन्न देशका हवाईजहाजहरू आउँछन् । यहाँबाट पनि विभिन्न देशतर्फ हवाईजहाजहरू उड्छन् ।
प्रवेश
विदेश जान लागेका मानिसहरू लाइन लागेर टिकट जाँच गराउँदै छन् ।




विमानस्थल साह्रै व्यस्त रहन्छ । यहाँ धेरै जना मानिसहरू काम गर्छन् - इन्जिनियर, प्रहरी, सफाइ गर्ने मानिसहरू . . .




प्रहरी कार्यालयभित्र प्रहरीहरू बस्छन् ।
प्रहरीले लगाउने पोसाकलाई 'युनिफर्म' भन्छन् ।
प्रहरी कार्यालयभित्र सादा पोसाक लगाउने प्रहरीहरू
पनि हुन्छन् । त्यहाँ महिला प्रहरी दिदीहरू पनि छन् ।



सहरमा शान्ति सुरक्षा राख्ने काम प्रहरीहरूको हो ।
खराब काम गर्ने मानिसलाई प्रहरीले समातेर लान्छन् ।




बचत
हामी बैङ्क आइपुगेका छौं ।
चल्ती
त्यो पैसा झिक्न आउनेहरूको लाइन हो । अनि उतापट्टिको काउन्टर पैसा जम्मा गर्न आउनेहरूका लागि हो ।



मानिसहरू बैङ्कमा आफ्नो पैसा राख्छन् । कारखाना खोल्ने र व्यापार गर्नेहरूलाई बैङ्कले पैसा सापटी दिने काम गर्छ ।




होटेलमा विदेशी पाहुनाहरूको ठूलो भीड छ । काउन्टरमा बस्ने कर्मचारी पाहुनाहरूलाई उनीहरूको कोठाको साँचो दिँदै छन् ।
होटेलका कर्मचारीहरू पाहुनाहरू उनीहरूको कोठामा पुऱ्याउँदै





होटेलको मुख्य मानिसलाई 'मेनेजर' भन्छन् ।
यहाँ धेरै किसिमको काम गर्नेहरू हुन्छन् -
पकाउने मानिस, वेटर, सफाइ गर्ने मानिस,
ड्राइभर, गार्ड . . .





ओहो, कत्रो पसल ! कति धेरै सामानहरू !
यो पसललाई 'सुपर मार्केट' भन्छन् । यहाँ हामीलाई चाहिने जम्मै सामानहरू हुन्छन् - खानेकुरा, लुगा, औषधि . . .



आफूलाई चाहिने सबै सामान एकै ठाउँमा पाइने भएकोले सहरका मानिसहरू सुपर मार्केटमा किनमेल गर्न मन पराउँछन् ।

तिमी सहर घुम्यौ । धेरै किसिमका ठाउँ र कामहरू बारे धेरै कुरा थाहा पायौ होला । तल दिइएका मानिसहरू कहाँ काम गर्छन्, भन्न सक्छौ ?


Ac 1040 (e)






























# विचार पुऱ्याऔँ है





सडकमा नखेलौँ ।





ट्राफिक चिन्हहरू भत्काउन/बिगार्न हुँदैन ।





निर्माणस्थलमा नझुम्मिऔँ ।




सुरक्षित भएर हिँडौँ ।




ट्राफिक चिन्हहरू सडक प्रयोगकर्ताहरूकै सुरक्षाका लागि राखिएका हुन् ।




निर्माणस्थलबाट टाढा रही सुरक्षित रहौँ ।

**सडक हाम्रै सम्पत्ति हो, यसको ठीक प्रयोग गरौँ ।**

श्री ५ को सरकार/जापानी सहायता नियोग • ट्राफिक इन्जिनियरिङ तथा सुरक्षा एकाइ/सडक विभाग • नीप्पन को.ई./हाजामा-ताइशि जे.भी.

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
२०५९